


राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

PRATIDINDAILY.COM । FACEBOOK.COM/PRATIDIN.DAILY



**सूचना**

भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार गर्ने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
*सूचना तथा प्रसारण विभाग*


वर्ष–१२ ।। अङ्क : १३७ ।। २०७७ भाद्र २४ गते बुधबार (9th Sep . 2020, Wednesday) **Pratidin** National Daily मूल्य–रु.५/-

## मल नहाली लाग्यो धानमा बाला

**-मनिषा चम्लागाईं/ झापा**



झापा भद्रपुर नगरपालिका -३ की जमुना राजवंशीले धानमा बाला लाग्न थाले पनि युरिया मल लगाउन पाइनन् । राजवंशीले २ विगाह जग्गा भाडामा लिएर धान खेती गरेकी छन् । "धान गोडमेलको समय सकिएर बाला लाग्न थालेपनि मल पाइएन" राजवंशीले भनिन्, "बाला राम्रोसँग लागेको छैन, गत वर्षको तुलनामा यस वर्ष उत्पादन आधा घट्ने देखिन्छ ।" बाला लागेको धानसमेत पहेँलिन थालेको राजवंशी बताउँछिन् ।

यस वर्ष जग्गाको ठेक्का बुझाउनसमेत नसक्ने अवस्था आएको राजवंशीले सुनाइन् । "धान लगाउँदाको ऋण तिर्नै बाँकी छ, उत्पादन कम हुने भएपछि ठेक्का बुझाउने पैसा पुग्दैन" राजवंशीले भनिन् ।

झापा भद्रपुर नगरपालिका -३का ७८ बर्षिय जसबहादुर राईले १ विगाह १६ कट्ठामा धान लगाएका छन् । श्रीमतीको सहयोगमा धान खेती गर्दै आएका राईले जग्गाधनीसँग उब्जनीको आधा धान दिने (अधिया) सहमति गरेका थिए । "धानले बाला लगाउन शुरु गऱ्यो मल छैन" राईले भने, "बल हुनेहरुले भारतीय बजारबाट मल ल्याएर लगाए, हामीलाई त भारतीय बजारसम्म जाने आँट नै आएन ।" सरकारले मल उपलब्ध गराउन नसकेपछि स्थानीय कृषकले भारतीय बजारबाट मल ल्याएर लगाए । भारतीय बजारबाट ल्याएको मल महंगो भएर पनि आफूले नलगाएको राई बताउँछन् ।

**बाला लागेपछि युरिया आवश्यक हुँदैन -धानबाली विज्ञ**

सरकारले धानका लागि भन्दै बंगलादेशबाट ५० हजार मेट्रिक टन युरिया सापटीमा ल्याउने टुंगो लगाइसकेको छ । मलको ठेक्का पाएका ठेकेदारले मल ल्याउन ढिला गरेसँगै बंगलादेशसँग सापटी युरिया ल्याउने प्रक्रिया अगाडी बढाए पनि धानले बाला लगाइसकेपछि लगाएको युरियाले कामै नगर्ने वरिष्ठ धानबाली विज्ञ भोलामान सिंह बस्नेत बताउँछन् । "एक पटकको धानबालीमा १ हेक्टरलाई १ सय किलो नाइट्रोजन, २० किलो फस्पोरस र ३० किलो पोटास आवश्यक हुन्छ" धानबाली विज्ञ बस्नेतले भने, "युरियामा ४६ प्रतिशत नाइट्रोजन हुन्छ, सोही कारण धानले उत्पादन शुरु गर्ने बेलासम्म २ पटक युरिया आवश्यक हुन्छ ।" पहिलो पटक धान रोपेको २० देखि ३५ दिन भित्रमा र दोस्रो पटक ४०देखि ५० दिन भित्रमा युरिया लगाइसक्नु पर्ने भएपनि यस वर्ष उक्त समयमा युरिया मल नपाइएकाले अब भित्र्याइने मल धानबालीका लागि आवश्यक नहुने बस्नेतको भनाई छ । "कृषकले धान लगाएको ५० दिन कटिसकेको छ" बस्नेत भन्छन्, "अब मल लगाएर उत्पादन बढ्ने होइन, सरकारले आयात गर्ने भनिएको मल आलु, गहुँका लागि मात्र उपयोगी हुन्छ ।"

मल अभावले यस वर्ष उत्पादनमा समेत ह्रास आउने बस्नेत बताउँछन् । "यस वर्ष औषत वर्षा हुन्छ भनेर मौसमविद्ले पूर्वानुमानसमेत गरेका थिए" बस्नेतले भने, "सोही अनुसार वर्षाले त साथ दियो, तर, मल अभाव टरेन ।" धानको उत्पादन वृद्धिको लागि युरिया मल अत्यावश्यक रहेको बस्नेतको भनाई छ । नार्कले दीर्घकालिन मलखाद परीक्षणमा गरेको अनुसन्धानबाट १ हेक्टर धानलाई १ सय किलो नाइट्रोजन आवश्यक हुने देखिएको छ । "त्यसका लागि युरिया मल र प्राङगारिक मल ५०/५० प्रतिशत लगाउन सकेमात्र उत्पादन राम्रो हुन्छ" बस्नेतले भने, "प्राङगारिक मलमा कम मात्रमा नाइट्रोजन हुनाले युरिया अत्यावश्यकमा पर्छ ।" घट्दो खेतीयोग्य जमिनबाट बढ्दो जनसंख्यालाई खुवाउन र आयआर्जन बढाउन प्रविधि र विज्ञानमा आधारित खेती जरुरी रहेको बस्नेतको तर्क छ ।

अहिले कोरोना महामारीको समयमा समेत कृषक मलका लागि भौतारिरहेका छन् । झापाको कनकाई नगरपालिकाका घनश्याम प्रसाईं कृषकहरु रोगले भन्दा भोकले मर्ने अवस्था आएको बताउँछन् । धानले उत्पादन दिने बेलासम्म मल नपाएको उनको गुनासो छ । आ.ब २०७५/७६मा नेपालमा हालसम्मकै सबैभन्दा धेरै अर्थात् ५६ लाख मेट्रिक टन धान उत्पादन भएको थियो । त्यस यता आ.ब २०७६/७७मा ५५ लाख मेट्रिक टन धान उत्पादन भएको थियो । प्रारम्भिक चरणमा आएको वर्षाले यस वर्ष अहिलेसम्मकै सबैभन्दा धेरै उत्पादन हुने अनुमान लगाइए पनि मल अभावले उत्पादन घट्ने कृषि विज्ञको भनाई छ । साथै केही स्थानमा किराले पनि धानबाली बिगारिदिएकाले उत्पादनमा कमी आउने देखिन्छ ।

## मूल्य समायोजनको माग गर्दै मन्त्रीलाई ज्ञापन



झापा (प्रस) । अलैंचीको मूल्य समायोजनको मुख्य मागसहित नेपाल अलैंची व्यवसायी महासंघले मंगलबार उद्योग, बाणिज्य मन्त्री लेखराज भट्टलाई ज्ञापनपत्र बुझाएको छ । नेपाल अलैंची व्यवसायी महासंघका अध्यक्ष राजकुमार कार्की ( राजु ) , उद्योग बाणिज्य महासंघ प्रदेश १ का अध्यक्ष नरेन्द्र खड्कालगायतको टोलीले मन्त्री निवासमा पुगेर ज्ञापनपत्र बुझाएको हो । प्रतिकिलो चार सय रुपैयाँमा बिक्री गरेको अलैंचीको बिल पाँच सय रुपैयाँको नदिएसम्म भारतीय भन्सारले अलैंची निकासी गर्न दिँदैन । एक केजी अलैंची निकासीको बिल पाँच सय रुपैयाँ तिर्नै पर्ने बाध्यकारी नियम भारतीय पक्षले लगाएको छ । तीन वर्ष अघिदेखि लगाइएको यो नियम खारेजीको पहल गरिदिन मन्त्रीको ध्यानाकर्षण गराइएको अध्यक्ष कार्कीले बताए । 'नेपाली पक्ष मर्कामा छ, ३८० रुपैयाँदेखि ४०० सय रुपैयाँमा बेचेको अलैंचीको बिल ५०० सय रुपैयाँको दिनै पर्छ' अलैंची व्यवसायी महासंघका महासचिव सुवास भट्टराईले भने, 'तीन वर्ष अघिदेखिको यो नियम समायोजनको माग राखेर महासंघ डेढ वर्षदेखि सरकारलाई गुहारी राखेको छ ।' यसअघि पनि मन्त्री भट्टको यो विषयमा ध्यानाकर्षण गराएपनि कार्यान्वयन नभएको भट्टराईले बताए । भारत अलैंची निकासी गर्दा गुड सेल्स ट्याक्स (जीएसटी) ५ प्रतिशत तिर्नु पर्ने नियम छ । कम मूल्यमा बेचेको सामानको बढीको बिल दिनु पर्दा रकम बैंक दाखिला गर्दा अलैंची व्यवसायीले समस्या भोगिरहेका छन् । व्यवसायीले सरकारलाई कर छलेको जस्तो देखिएपछि भन्सार मूल्य समायोजन गर्नुको बिकल्प नरहेकाले सरकार गुहार्नु परेको महासंघ पदाधिकारीको भनाइ छ । प्रतिकेजी नेपाली ६ देखि ८ रुपैयाँ बढी रकम तिर्नु परेपछि महासंघले मूल्य समायोजनको मुद्दा उठाएको हो । विगतमा प्रतिकिलो ८ सयदेखि १२ सय रुपैयाँसम्ममा बिक्री हुने गरेको थियो । अहिले मूल्यमा गिरावट भएर ३८० देखि ४ सय रुपैयाँ कायम भएपछि मूल्य समायोजनको माग नेपाली पक्षले उठाएको हो । तर, भारतीय पक्षले माग सुनुवाइ नगरेको महासंघका महासचिव भट्टराईको भनाइ छ । मूल्य समायोजन नगर्ने भारतीय अडानका बावजुद यसपटक अलैंची निकासीमा वृद्धि भएको छ । गतवर्ष ३ अर्ब ८१ करोडको अलैंची निकासी भएकोमा यसपटक ३ अर्ब ९९ करोड बढीको अलैंची निकासी भएको छ । मुलुकमा उत्पादित अलैंची मध्ये ९९ प्रतिशतभन्दा बढी अलैंची काँकडभिट्टा नाकाबाट निकासी हुने गरेको छ । बिर्तामोडमा अलैंचीका पाँच निकासीकर्ता छन् । विराटनगर र नेपालगञ्ज नाकाबाट बाँकी अलैंची निकासी हुने गरेको छ ।

## ठेक्का स्थगितले रेलप्रभावित हर्षित

बिर्तामोड (प्रस) । पूर्व–पश्चिम रेलमार्गको काँकडभिट्टा–इनरुवा खण्ड निर्माणको विवादित ठेक्का रद्द भएसँगै रेल प्रभावित समन्वय समिति बिर्तामोडले खुशी व्यक्त गरेको छ । जग्गाधनीलाई पेलेर रेलको ठेक्का लगाएको भनी उनीहरुले निरन्तर आन्दोलन गर्दै आएका थिए ।

रेल प्रभावित समन्वय समितिले प्रक्रिया उल्लंघनको विरोध गर्दै सरकार, सम्बन्धित निकायलाई खबरदारी गर्ने सञ्चारमाध्यम, स्थानीय सरकार, जनप्रतिनिधि, प्रदेश -१ सरकारलगायत सम्बन्धित सरोकारवालालाई धन्यवाद दिएको छ । अब भने आफ्नो अधिकारका लागि एकजुट भएर अगाडि बढ्ने उनीहरुको भनाइ छ । पूर्व–पश्चिम रेलमार्गको काँकडभिट्टा–इनरुवा खण्ड निर्माणको विवादित सोमबार ठेक्का रद्द भएको हो । रेल, मेट्रोरेल र मोनोरेल डेभलपमेन्ट प्रोजेक्टले सार्वजनिक सूचना जारी गरी रेलमार्गको ठेक्का स्थगित भएको जानकारी दिएको हो ।

जग्गाको मुआब्जा वितरण टुंगो नलाग्दै सरकारले १०६ किलोमिटरको रेलमार्ग बनाउन ५४ वटा प्याकेजमा ठेक्का आह्वान गरेको थियो । ती सबै अब स्थगित भएका छन् । रेल विभागले १८ वटा कम्पनीलाई मात्रै सहभागी हुन पाउने गरी ५४ वटा प्याकेजमध्ये कसलाई

***बाँकी अन्तिम पृष्ठमा...***

## कुशल प्रशासक नआउनेमा बिर्तामोडबासीको चिन्ता



बिर्तामोड (प्रस) । अनिवार्य अवकास पाएका बिर्तामोड नगरपालिकाका प्रशासकीय अधिकृत पशुपति खतिवडालाई विदाइ गर्दैगर्दा बिर्तामोडबासीहरुलाई दुखसँगै चिन्ता लागेको छ । एकजना कुशल र असल प्रमुख प्रशासकीय अधिकृतका रुपमा रहेका खतिवडालाई विदाई गर्दैगर्दा दुख मानेका नगरबासीहरुले यस अर्थमा चिन्ता गरेका हुन् कि अव अर्को प्रशासकीय अधिकृत कस्तो आउने हुन् । भदौ १६ गते उमेर हदका कारण अवकास पाएका खतिवडालाई विदाइ गर्ने क्रम अझै सकिएको छैन । नगरपालिका कार्यालयसँगै नगरका वडा कार्यालयहरुले एकपछि अर्को गर्दै उनलाई विदाइ गरिरहेका छन् । यसक्रममा बिर्तामोड नगरपालिकाको ४ नं वडा कार्यालयले मंगलबार विदाइ तथा सम्मान कार्यक्रम गऱ्यो । कार्यक्रममा बोल्दै वडाध्यक्ष कुलप्रसाद संग्रौलाले अब कस्तो प्रशासकीय अधिकृत आउने हुन् भनेर नगरबासीहरुले चिन्ता गरिरहेको बताए । उनले विदाइ भएर जाने प्रमुख प्रशासकीय अधिकृत खतिवडाले आधार बनाइसकेकाले नयाँ आउनेलाई गाह्रो नहुने धारणा राखे । कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड खानेपानी तथा सरसफाइ संस्थाका अध्यक्ष जलकुमार गुरुङले कसैको चाकडी चाप्लुसी नगरी पूर्ण आत्मबिश्वासका साथ काम गर्ने बानीले गर्दा खतिवडाले सबैको मन जित्न सफल भएको बताए । समाजसेवी राजकुमार पोखरेलले असल , कुशल र जनप्रिय प्रशासकको छवि वनाएका खतिवडालाई बिर्तामोडमै आएर राजनीति गर्न आग्रह गरे । गोमेन्द्र कलेजमा प्राचार्य रुपक खनालले अवकासपछिको बाँकी उतरार्द्ध जीवन मार्गनिर्देशक र समाज उपयोगी बनाउन सुझाव दिए । वडा सदस्य राहुल शर्माले स्वागत गरेको कार्यक्रमको संचालन वडा सचिव नन्दलाल आचार्यले गरेका थिए ।

प्रमुख प्रशासकीय अधिकृत खतिवडा विदाइ भएर गएपछि बिर्तामोड नगरपालिकामा अब कसलाई ल्याउने भनेर राजनीति शुरु भएको छ । आफू नजिकको र भनेको मान्ने ब्यक्तिलाई ल्याउन लबिङ भइरहेको हो । सतारुढ नेकपाभित्रै दुईवटा टीमले दुईजनालाई सिफारिस गरेको बताइएको छ । रतुवामाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भट्टराई र गौरादह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेम ओझालाई ल्याउन आआफ्नै तवरमा लबिङ भइरहेको हो । बिर्तामोड निवासी भट्टराई सतारुढ दलनिकट कर्मचारी संगठनका व्यक्ति हुन् । कमल निवासी ओझा भने जिल्ला विकास समिति झापाका पूर्व स्थानीय विकास अधिकारी हुन् । बिर्तामोड नगरपालिकालाई सन्तुलित रुपमा चलाउन सक्ने व्यक्ति चाहिएकाले पार्टीनिकट नहेरी चलायमान र दक्ष प्रशासकको खाँचो भएको भन्दै कर्मचारी तहले ओझालाई नै रुचाएको एक कर्मचारीले बताए । दुवैजनाले इच्छा ब्यक्त गरेपछि सामान्य प्रशासन मन्त्रालयले सरुवाको निर्णयमा ढिलाइ गरेको बताइएको छ ।


**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

सम्पादकीय


## महामारी रोक्ने उपाय

**लकडाउन, निषेधाज्ञा, नाकाबन्दी, सीमा सिल, आवतजावतमा रोक, कडा प्रशासनिक अनुगमन र व्यापक प्रचार प्रसारका बाबजुद कोरोना महामारीको संक्रमण बढ्दै गइरहेको छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार महामारी रोकथामका उपायहरू अनिवार्य मास्कको प्रयोग, सामाजिक दूरी कायम, क्वारेन्टाइनको बसाइ, आइसोलेसन तथा साबुनपानी र स्यानिटाइजरको उचित प्रयोग आदिका बाबजुद पनि महामारी अपेक्षा गरिएअनुसार रोकिएको छैन । अस्पतालमा अत्यावश्यक सेवासुविधासहितको कक्ष निर्माण, उपचार विशेषज्ञको नियमित र निरन्तर प्रयासका बाबजुद पनि कोरोना फैलने सीमा साँघुरो बनाउन सकिएन ।**

**उत्तरको छिमेकी देश चीनमा आजभन्दा नौ महिनाअघि यो महामारीको संक्रमण सुरु भए पनि नेपाल यो महामारीबाट अछुतोजस्तै थियो । तर, यसको चार महिनापछि जब भारत यो महामारीबाट थलिन थाल्यो, नेपाल स्वयं पनि बिरामी हुँदै गयो । आवतजावत, रोजगारी, सामीप्य र मानिसको बहावका कारण भारतमा फैलिरहेको महामारीको प्रभाव नेपालमा क्षणभरमै आगोझैं फैलदै गयो । यसले आज नेपाल निकै आक्रान्त छ । सिंगो देश नै लकडाउनको अवस्थामा छ ।**

**भारतमा रोजगारीमा रहेका नेपालीहरू एकैपटक हजारौंको संख्यामा स्वदेश फर्किए । सरकारले उनीहरूको उचित व्यवस्थापन गर्न र गराउन सकेन । तीनै तहका सरकार यस मामलामा सापेक्षित रूपमा सक्षम भएनन् । यसले पनि अन्तर्राष्ट्रिय मापदण्डअनुसार महामारीको रोकथामको तयारीमा ठूलो असर पुर्‍यायो । महामारी समुदायसम्म फैलन थालेपछिको हालको अवस्थामा पीसीआर परीक्षण व्यापक बनाउने, संक्रमित र असंक्रमित छुट्याउने तथा आम जनतामा रोग प्रतिरोधात्मक मानसिकताको विकास गराउने खालका कार्यक्रम बिना ढिलाइ ल्याउनु जरुरी भएको छ । छिमेकी देश भारत महामारीले आक्रान्त हुँदा नेपालमा त्यति नै ठूलो महामारी रोकथामको तयारी गरिनु पर्छ । यसको तयारी सरकार, स्वास्थ्यकर्मी र नागरिकबीचमा समन्वयात्मक संरचना निर्माण गरेर मात्र सम्भव देखिन्छ ।**

# कोरोना बिमा : आज गर, भोलि नगर ?



■ पदमराज अवस्थी

विकासोन्मुख देशहरूमा महामारीमा कालोबजारको समस्या तीव्र रूपमा देखिने गर्छ । विविध सीमाहरूका बावजुद सरकार गुमनाम रहनु र नाफा कमाउने उद्देश्यले निजी क्षेत्र बदनाम भइरहनु विकासशील अर्थव्यवस्थामा देखिने चिन्ताजनक विषय हो । नेपाल सरकारले वि.सं. २०७६ साल चैत ११ गते अर्थात् घोडेजात्राको पर्सिपल्टबाट सुरु गरेको बन्दाबन्दीमा पनि अनेकन् प्रयासका बावजुद पनि सरकार गुमनाम रह्यो र केहि निजी क्षेत्र बन्दाबन्दीको व्यापार गर्न तम्सिए । यी तमाम व्यापारहरूमध्येको एउटा व्यापार थियो– कोरोना बिमा ।

वि.स. २०७७ साल वैशाख ४ गते बिमा समितिले एउटा परिपत्रबाट कोरोना बिमा सार्वजनिक गरेको थियो । यसको सार्वजनिक घोषणापश्चात् मैले बिमा समितिका निर्देशकहरूसँग बुझ्दा उपलब्ध निर्देशकहरूमध्ये दुई जना निर्देशक कोरोना बिमाबारे अनभिज्ञ थिए । यसको अर्थ यो थियो कि समितिमा छलफलबिना नै कोरोना बिमामाथि व्यापारको रणनीति बनेको थियो । सहायक र उपनिर्देशकसँग बुझ्नै परेन, उनीहरूमध्ये कतिले सार्वजनिक रूपमा नै यो गलत कदम थियो भनेर भन्न थालिसकेका थिए ।

वैशाख ४ गतेको सूचनाको पहिलो बुँदामा कोरोना बिमा घातक मानिने ११ वटा रोगहरू जस्तै : क्यान्सर, पक्षघात, हृदयघात आदिसँगै सूचीकृत गरिएको थियो । जबकि न विश्व स्वास्थ्य संगठन, न त स्वास्थ्य मन्त्रालयले नै यसलाई घातक भनेको थियो । एकातिर बिमा समितिले कोरोनालाई घातक रोगहरूमा सूचीकृत गर्‍यो भने अर्कातिर कोरोना बिमालाई लघु बिमासरह मान्यता दियो । घातक रोगहरूको उपचार लघु





बिमाबाट गर्छु भन्नु नै हास्यास्पद हो, किनभने लघु बिमाको अर्थ सानोसानो रकमको बिमा हो । प्रतिव्यक्ति आम्दानी १ हजार ८४ अमेरिकी डलर भएको देश र विदेश नगई पैसा नदेख्ने जनता भएको देशमा १ लाख बिमांक भएको बिमालाई कसरी लघु बिमाअन्तर्गत राखियो भन्ने प्रश्न आफैंमा गम्भीर कुरा हो । ग्रामीण जनतालाई सेवा दिने भन्ने तर्कबाट प्रादुर्भाव भएको कोराना बिमा त्रिशूली कटेर गाउँ जान सकेन र ई-सेवा चलाउनेहरूमै सीमित भयो ।

सिद्धार्थ इन्स्योरेन्सले २०७२ सालदेखि व्यवस्थित रूपमा नै मेडिहेल्थ नामको स्वास्थ्य बिमा गराउँदै आएको थियो र सोही वर्षदेखि नेपाल सरकार सरकारले सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिमार्फत स्वास्थ्य बिमा सञ्चालनमा ल्याएको थियो । सरकार र निजी कम्पनीका स्वास्थ्य बिमा कार्यक्रमहरू कार्यान्वयनमा हुँदाहुँदै किन यिनै स्वास्थ्य बिमा कार्यक्रममा कोरोनाको उपचार समावेश गरिएन भन्ने आमसवाल थियो ।

सो सवालको जवाफमा बिमा समितिले कोरोना महामारी हो भन्ने जवाफ दिएको थियो । उसले यो जवाफ दिइरहँदा नेपालमा जम्मा १६ जना व्यक्तिमा मात्र कोरोना संक्रमण थियो । फेरि जनताले महामारीको किन बिमा गरेको त ? महामारी भनेको त संकटकाल हो भन्ने सवाल तेर्साए । बिमा समितिले बिमा कम्पनीहरूले सामाजिक उत्तरदायित्व बोध गरेको प्रत्युत्तर दियो । एउटा कलकलाउँदो जवानलाई मासिक ११ हजार रुपैयाँ तलब दिएर काममा खटाउने बिमा कम्पनीहरूले कसरी सामाजिक उत्तरदायित्व बोध गरे भन्ने प्रश्नको जवाफ भने अझै वक्यौता नै रहेको छ । पीसीआर पोजिटिभ आएकै दिन बिमा कम्पनीले दाबी भुक्तानी गर्ने प्रचार गरेर वैशाख ७ गतेबाट कोरोना बिमा सुरु भयो ।

बिमा समितिकै निर्देशनमा बजेटमा समेत कोरोना बिमाको व्यवस्था समावेश हुन पुग्यो । सरकारी कर्मचारीको कोरोना बिमा सरकारले र निजी क्षेत्रका कर्मचारीको कोरोना बिमा सम्बन्धित रोजगारदाताले गरिदिने व्यवस्था भएपछि बिमा समिति आफैंले दिएको गफबाट पछि हट्दै जान थाल्यो । बिमा समिति यतिसम्म डरायो कि जेठ महिनाको २३ गतेका दिन कोरोना बिमा सधैंका लागि बन्द गर्ने मनस्थितिमा पुग्यो । जेठ १५ गते सार्वजनिक बजेटले कोरोना बिमालाई राष्ट्रिय कार्यक्रम घोषणा गरेको र बिमा गराई सकेकाहरू अदालत जाने तयारीमा रहेको हुँदा बिमा समिति कोरोना बिमा सुचारु गर्न बाध्य भयो ।

कोरोना बिमा गरेको दिनदेखि एक वर्षसम्म कायम रहने र कसैले नवीकरण गर्न चाहेमा फेरि अर्को वर्षका लागि नवीकरण गर्न सक्ने भन्ने गफ दिएको बिमा समितिले सुचारु गरिएको बिमा चैत मसान्तसम्म कायम रहने व्यवस्था गर्‍यो । समयावधिमा कटौती गरेको बिमा समितिले बिमाशुल्कमा हेरफेर गरेन र जनतामाथि शोषण गर्न सुरु गर्‍यो ।

आजसम्म संसारको कुनै पनि देशले एकवर्षे बिमा कार्यक्रम सञ्चालनमा ल्याएको छैन । तर, बिमा समितिले भने नौ महिने बिमा कार्यक्रमसमेत घोषणा गर्‍यो । बिमाको सिद्धान्तअनुसार जुन प्रयोजनका लागि बिमा कार्यक्रम सञ्चालन गर्‍यो त्यो प्रयोजन पूर्ण नभएसम्म उक्त कार्यक्रम चालू राख्नुपर्छ । यसका लागि संकलित बिमाशुल्क सम्भावित दाबी-भुक्तानी बेहोर्न पर्याप्त नरहेसम्म वितरणयोग्य नाफामा जोड्न पाइँदैन ।

बिमा समितिले लाज बचाउन यतिसम्म व्यवस्था गर्‍यो कि बिमा कम्पनीले दाबी तिर्न नसके आफूले तिरिदिने नियम बनायो । अब त बिमा समितिले यो बिमा कार्यक्रम संसारमा कोरोना रहेसम्मका लागि सञ्चालनमा राख्नुपर्छ । कोरोना उन्मूलन वा शून्य भएको घोषणा नहुँदै सो कार्यक्रम बन्द गर्ने हो भने कोरोना बिमा गरेर दाबी नगर्ने सबैको पैसा प्रचलित ब्याजदरसहित फिर्ता गर्नुपर्छ ।

जसोतसो कोरोना बिमा धानी रहेको बिमा समितिले भदौ १८ गते सूचना जारी गर्दै निजी ल्याबमा पीसीआर परीक्षण पोजिटिभ आएमा कम्पनीहरूले दाबी भुक्तानी नगर्ने व्यवस्था गर्‍यो । वैशाख ४ गते जारी गरिएको परिपत्रको बुँदा ४ मा पीसीआर पोजिटिभ आउने बित्तिक्कै दाबी भुक्तानी गर्ने व्यवस्था भएको छ, जहाँ निजी वा सरकारी कुनै प्रावधान नै बनाएको छैन । बिमा समितिलाई आफ्नो प्राइभेट कम्पनी सम्झेर तीन-तीन महिनामा नियम फेरिरहनेहरूलाई बिमा करारको आधारभूत पक्षसमेत थाहा नभएको देखिएको छ ।

करार भनेको सम्झौता हो, जसमा संलग्न पक्षहरूको सहमतिबेगर एकतर्फी रूपमा नियम बदल्नु गैरकानुनी हो र कानुनी शासनमा दण्डहीनतालाई अन्त्य गर्न सक्नुपर्छ । सरकारले समेत निजी स्वास्थ्य संस्थालाई पीसीआर परीक्षण गर्न अनुमति दिइसकेको अवस्थामा बिमा समितिले सरकारको निर्णय उल्ट्याउनु विधिसम्मत हुँदैन । पीसीआर भनेको व्यवस्था हैन, जुन सरकार वा निजी क्षेत्रअनुसार फरक हुन्छ । यो त एउटा प्रविधि हो । सरकारले गरे पनि निजी क्षेत्रले गरे पनि प्रविधिमा परिवर्तन हुन सक्दैन ।

अर्को कुरा, सरकारलाई दिएको पीसीआर किट पनि निजी क्षेत्रले उपलब्ध गराएको हैन र ? चौधरी फाउन्डेसनले स्वास्थ्य मन्त्रालयलाई सहयोगस्वरूप दिएको किटबाट पीसीआर पोजिटिभ आए बिमा दाबी दिने तर सोही किटहरूबाट चौधरी ग्रुपको अस्पतालमा पीसीआर पोजिटिभ आए बिमा दाबी नदिने भन्ने पनि तर्क संगत हुन्छ ? कसैले बदमासी गरेमा कानुनी उपचार खोज्ने हो । व्यक्तिगत इच्छाअनुसार एक दिन कोरोना बिमा गर भन्ने अर्को दिन नगर भन्ने चरित्रले बिमाप्रति जनताको विश्वास हराएर जान्छ । अब बिमा समितिसँग न कोरोना बिमा बन्दा गर्ने अधिकार छ, न निजी वा सरकारी स्वास्थ्य संस्थाको बहानामा दाबी भुक्तानी अस्वीकार गर्ने अधिकार नै ।

# समृद्धिका लागि महिला साक्षरता :आजको आवश्यकता




■ बाबुकाजी कार्की

साक्षरताले मानवको अन्तर्निहित प्रतिभा प्रस्फुटन गरेर सक्षमता ल्याउँछ । सक्षमताले पौरखी हातहरूलाई परिमार्जित र परिष्कृत गरेर हरेक व्यक्तिको जीवनमा आमूल परिवर्तन गर्छ । उसमा सूचना र प्रविधिको जानकारी राख्ने क्षमतामा वृद्धि हुन्छ । साक्षरताले आत्मबल र आत्मविश्वासमा बढोत्तरी भई एक सफल र सबल नागरिकका रूपमा जीवनयापन गर्न अहम् भूमिका खेल्छ । साथै, साक्षरता सहज आधुनिक जीवनको अपरिहार्य कुन्जी हो । आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गरी देश विकास गर्न साक्षरता प्रतिशत उच्च हुनु पहिलो सर्त हो । मानव विकास सूचकांकलाई उच्च राख्न आवश्यक सर्तहरू स्वास्थ्य, शिक्षा, विद्यालय भर्नादर, मातृ-शिशु मृत्युदर, पोषण आदिको आधारशिला पनि साक्षरता हो । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा प्रतिबद्ध सबै खाले विकासका लक्ष्य हासिल गर्न साक्षरता आधारभूत र अनिवार्य सर्त हो । त्यसकारण राज्यले आफ्ना नागरिकलाई यथाशक्य छिटो साक्षर बनाउन विभिन्न योजना, अभियान र कार्यक्रम ल्याउनुपर्ने हुन्छ । निरक्षरता र गरिबी एक-अर्काको परिपूरक हुन् । सहज र सफल जीवन जिउन कम्तीमा साक्षरताको विकल्प छैन ।

विज्ञान र प्रविधिको द्रुत गतिमा विकास र विस्तार भइराखेको वर्तमान एक्काइसौं शताब्दीमा पनि विश्वमा ७७ करोड ३ लाख जनता निरक्षर प्रौढ छन्, जसमा हरेक तीन निरक्षरमध्ये करिब दुई जना महिला पर्छन् । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालको साक्षरता प्रतिशत ६५.९ प्रतिशत छ, जसमध्ये पुरुष ७५.१ र महिला ५७.४ प्रतिशत साक्षर छन् । महिला र पुरुषबीचको साक्षरताको खाडल करिब १८ प्रतिशत रहेको देखिन्छ ।

सामाजिक-आर्थिक रूपान्तरण गरेर समृद्ध नयाँ नेपाल बनाउने सपनालाई यथार्थतामा बदल्न आधा आकाश ओगटेका महिलाहरूको सशक्तीकरणको विकल्प छैन । साक्षरता सशक्तीकरणको पहिलो खुड्किलो हो । यसै वास्तविकतालाई आत्मसात् गरेर तत्कालीन अनौपचारिक शिक्षा केन्द्रले महिलालाई विशेष ध्यान दिएर कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । साक्षर नेपाल अभियानअन्तर्गतका कार्यक्रमहरूमा महिला सहभागितालाई उच्च प्राथमिकता दिनु बुद्धिमानी ठहर्छ ।



अहिले पनि साक्षरता अभियानका स्वयंसेवक, स्थानीय निरीक्षक तथा पढ्न आउने निरक्षर समेतमा महिला सहभागिता बढाउन प्राथमिकता दिनुपर्ने प्रावधान राखेको छ, जसको फलस्वरूप महिला साक्षरतामा उल्लेख्य वृद्धि भएको छ । मातृ तथा बालमृत्युदर घटेको छ । राज्यका विभिन्न निकाय र कार्यक्रममा महिलाको पहुँच क्रमिक रूपमा बढेको छ । साक्षरता शिक्षित एवं सचेत महिला आमा भएको परिवारका बालबालिकाको पढाइको स्तर स्वभावैले बढ्न जान्छ ।

अशिक्षाका कारणले विपन्नता, अन्धविश्वास, बेरोजगार, परालम्बी तथा कमजोर स्वास्थ्य आदि नकारात्मक प्रवृत्तिले महिलालाई बढी गाँजेको हुन्छ । जबसम्म महिला र पुरुषलाई शिक्षामा पहुँच उनीहरूको क्षमताका आधारमा सुनिश्चित गरिन्न, तबसम्म विकासको गति तीव्र नहुने यथार्थता हो । निरक्षरता दूरी पिछडिएको जातजाति दुर्गम तथा निर्धनहरूको बसोबास क्षेत्रमा अधिक छ । नेपाल गाउँ नै गाउँले भरिएको भौगोलिक विकटता र सामाजिक, धार्मिक, सांस्कृतिक विविधता भएको देश हो । यस्तो विषम परिस्थितिमा साक्षरतालाई सुगमतापूर्वक निरक्षरको पहुँचभित्र ल्याउन निश्चय नै ठूलै अठोट र आँट चाहिन्छ ।

महिला जनसंख्या बढी भएको हाम्रो जस्तो देशलाई नयाँ नेपाल बनाउन महिला साक्षरतालाई विशेष महत्व दिएर सघन कार्यक्रम ल्याउनुपर्ने हुन्छ । आधा आकाश ढाकेका महिलाको सशक्तीकरण नगरिकन समृद्ध समाजको अपेक्षा गर्न सकिन्न । युनेस्कोले पनि अन्तर्राष्ट्रिय साक्षरता दिवसहरूमा महिला सशक्तीकरणका लागि साक्षरतालाई केन्द्रित गर्दै आएको छ । सशक्तीकरण भन्नाले प्राप्त सूचनाहरूको सही जानकारी गरी निर्णय गर्ने क्षमताको विकास गर्नु हो । किनकि महिलाले समान अधिकार र अवसरको उपयोग जबसम्म गर्न पाउँदिनन् तबसम्म दिगो विकासको कल्पना पानीको फोकाजस्तै हुन्छ । भनिन्छ, एक जना पुरुष शिक्षित भए आफूमा मात्रै सीमित हुन्छ, तर एक जना महिला शिक्षित भए परिवार नै शिक्षित हुन्छन् । त्यसकारण महिला शिक्षित हुनु भनेको पारिवारिक सक्षमता आउनु हो, आयआर्जन बढेर आत्मनिर्भर बन्नु हो, इलममा बढोत्तरी गरी सम्पन्नतातिर लम्कनु हो । आफ्नो हक, अधिकार र कर्तव्यप्रति सजग र सचेत भई स्वाभिमानीपूर्वक आत्मनिर्भर जीवनयापन गर्न कम्तीमा साक्षरताको विकल्प छैन । नेपालमा पनि महिला साक्षर र सशक्तीकरणका कार्यक्रम ल्याउने धेरै निकाय र संघसंस्था छन्, जसमा अनौपचारिक शिक्षा केन्द्र, सानोठिमीले अग्रणी भूमिका खेल्दै आएको भए तापनि अहिले अनौपचारिक शिक्षाको नेतृत्व लिने छुट्टै निकाय छैन । संघीय संरचनाअनुसार अहिले अनौपचारिक शिक्षाको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई सरे तापनि खासै ध्यान पुगेको पाइँदैन ।

अनौपचारिक शिक्षा केन्द्रले विगतमा महिला सशक्तीकरणका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको थियो । उदाहरणार्थ : महिला साक्षरता प्रथम, द्वितीय आयआर्जन समूहमार्फत आफूले अँगालेका र सम्भाव्य पेसाहरूलाई परिष्कृत गरेर आत्मनिर्भर बनाई आफ्नो खुट्टामा उभिन सक्ने सक्षमता प्रदान गर्ने नीति लिएको छ । त्यसैगरी आयआर्जनमा वृद्धि गरी महिलाको जीवनस्तर उठाउन, आफ्ना कुराहरू निर्धक्कसँग राख्न अभ्यस्त बनाउन र संगठित भई हक र अधिकार सुनिश्चित गर्ने खालका कार्यक्रमहरू सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन समूह गठन गरी सञ्चालन गरेको छ । त्यस्तै स्वास्थ्य र सरसफाइसम्बन्धी जनचेतना फैलाउने कार्यक्रमहरू पनि सञ्चालन गरेको छ । विगत वर्षहरूदेखि राष्ट्रव्यापी साक्षरता अभियान सञ्चालन हुँदै आएको छ । अभियानमा महिला सहभागितालाई प्रोत्साहित गरेको गर्न खोजेको पाइन्छ । साक्षरता कक्षा केन्द्र तोक्ने, स्वयंसेवक एवम् स्थानीय निरीक्षक नियुक्ति तथा व्यवस्थापनमा समेत महिला सहभागिताको सुनिश्चित गरेको छ । आधारभूत साक्षरता सीप हासिल गरेपछि महिलाको निरन्तर शिक्षाका लागि अनौपचारिक प्रौढ विद्यालयहरू विकास र विस्तार हुने क्रममा छन्, जहाँ महिलाले एसएलसीसम्म पढ्न पाउने अवसर पाउँछन् । त्यस्तै सामुदायिक अध्ययन केन्द्रमार्फत पायक पर्ने ठाउँमा आयआर्जन समूह गठन गरी उत्पादन वृद्धि र प्राप्त आर्जनलाई सामूहिक रूपमा बचत गर्ने अभ्यास गराउँदै आएको छ ।

उल्लिखित कार्यक्रमहरू फितलो व्यवस्थापनका कारण प्रभावकारी हुन सकेका छैनन् । मागअनुसार पर्याप्त कार्यक्रम प्रदान गरिएको पाइँदैन । निश्चय नै हात्तीको मुखमा जिरा भएको छ । कार्यक्रमको सफलताका लागि पर्याप्त साधनस्रोतको तर्जुमा, प्रभावकारी कार्यान्वयन एवम् सेवाग्राहीको अनुगमन निरीक्षण कार्य प्रगतिका आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने कार्यमा सबैको साथ-सहयोग भएमा निश्चय नै हामी सुगमतापूर्वक साक्षरताको लक्ष्यमा पुग्न सक्छौं । त्यसकारण महिला साक्षरतालाई प्रत्येक नेपालीले घरघरबाट सुरु गर्दै पारिवारिक साक्षरतालाई प्रोत्साहित गर्नुपर्छ । अरूले के गर्‍यो भन्दा पनि मैले के गरें भन्ने कुराले महत्व राख्छ । अन्धविश्वास र पछौटेपनलाई छिमल्दै समृद्धितिर लम्कन हरेक नागरिक साक्षर हुँदै शिक्षित हुनुको विकल्प छैन ।

# जनताले पक्कै खोज्छन्



■ सोलु राजवंशी

हिजो आजको मुख्य विषयवस्तु- कोरोना भाइरसबाट आफ्ना देशका जनतालाई कसरी बचाउन सकिन्छ भन्ने बारेमा विश्व समुदाय चिन्तित छन् । तर हाम्रो देश नेपालका जनप्रतिनिधिदेखि लिएर देश हाँक्ने हस्ती र महान नेताहरु एक अर्कालाई आरोप र प्रत्यारोप लगाउने काममा व्यस्त देखिन्छन् । परापूर्वकालदेखि वीर गोर्खालीको नामले विश्वमा चिनिएका नेपालीहरु, विश्व महामारीको रुपमा फैलिएको कोरोनाबाट बच्न व्यवस्थित क्वारेन्टाइन, समयमा चेकजाँच र उपचार नपाएर राजु सदाजस्तै छट्पटिएर केही त्यस्ता जनप्रतिनिधि र राष्ट्र हाक्ने हस्ती र महान नेताहरुकै कारणले मरिरहेका छन् । सन्दर्भतिर लागौं, विश्वमा महामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना) तिर ध्यान नदिएर हाम्रा देशका जनप्रतिधि, नेताहरु , नागरिकता संशोधन विधेयक, सीमा क्षेत्र र सरकार ढाल्ने र बचाउने काममा धेरै व्यस्त हुनु यो अहिलेको परिवेशमा नसुहाउने कुरा हो । रहयो कालापानी, लिम्पियाधुरा, लिपुलेख सीमा क्षेत्रको बारेमा नेपाल भारतसंग एकरति पनि डराउनु पर्ने जस्तो देखिदैन । किनकी नेपाल र भारतको सम्बन्ध नङ र मासुको जस्तै छ र नाताको सम्बन्धमा पनि नेपाल भारतको ससुराली देश हो भने भारत, नेपालको ज्वाइँ ( राम जन्मभूमि-भारत, सीता जन्मभूमि-नेपाल)



देशको रुपमा परापूर्वकालदेखि चिरपरिचित नै छन् । धर्मको हिसावले पनि ५ नाथमध्ये नेपालमा २ नाथ (पशुपतिनाथ र मुक्तिनाथ) छ भने भारतमा ३ नाथ (जगन्नाथ, केदारनाथ र बद्रीनाथ) छन् । हिन्दु धर्मअनुसार मर्नुभन्दा पहिले यी चार धाम सक्नेले दर्शन गरेर मर्छन् भने नसक्नेहरुले दर्शन गरेर मर्न पाए हुन्थ्यो भन्ने सोच राखेको हुन्छन् । तसर्थ सीमा क्षेत्रको बारेमा भारतसंग एकरति पनि डराउनु पर्ने देखिदैन । डराउनु पर्छ भने चिनसंग र तेस्रो मुलुक पाकिस्तानसंग पनि । यो अर्थमा डराउनु पर्छ कि हिन्दु राष्ट्रलाई बर्वाद गर्न हिन्दुबिरोधी उग्र आतंकवादीहरुलाई पाकिस्तानले देशमा घुसपैठ गराईराखेको हुन्छ । हाल वीर गोर्खाली नेपालीहरुलाई कोरोना भाईरसबाट कसरी बचाउन सकिन्छ भन्नेतिर ध्यान दिनु अति जरुरी देखिन्छ । नत्र भने अब वीर गोर्खाली नेपालीहरु मान्ने वाला छैन । नेपाल देशको पूर्वी भेगका राई र लिम्बुहरुले ख्याल-ख्यालमा खुकुरीले ३ इन्च काटिएछ भन्ने गरेजस्तै अव वीर गोर्खाली नेपालीहरु यो गर्न पछि पर्ने छैनन् । त्यसकारण जनप्रतिनिधि, नेतादेखि लिएर राष्ट्र हाँक्ने महान नेताहरुले अबको दिनहरुमा तेरो-मेरो, आरोप-प्रत्यारोप, गुन्डागर्दी, भ्रष्टाचार .......... आदिबाट सुध्रिन जरुरी देखिन्छ । र, भर्खरै जन्मेको नवजात शिशुको टाउकोमा थुपारेको ऋण रु. ५५०००/- बाट मुक्त गर्नुका साथै प्रत्येक नेपालीमाथि थुपारेको ऋणहरुको हिसाब- किताव पनि देखाउनु जरुरी देखिन्छ । वीर गोर्खाली नेपाली जनताले एकदिन यसको खोजीनीति पनि पक्कै गर्ने छन् । जय नेपाल ।

**मेचीनगर -१४ बलमतवाडी, हाल-बेनी न.पा.-८ गणेशटोल, म्याग्दी**

# कस्ता मानिसलाई खाना पचाउन समस्या हुन्छ, समाधान कसरी गर्ने ?



कहिलेकाहीँ धेरै खाना खाँदा, धेरै चिल्लो खाना खाँदा, गलत तरिकाले खाना खानाले राम्रोसँग पच्दैन । तर, लामो समयसम्म खाना अपच हुने समस्या देखियो भने यो गम्भीर रोगको लक्षण पनि हुन सक्छ । कस्ता मानिसलाई हुन्छ त अपच हुने समस्या ? साथै कसरी गर्ने त यसको समाधान ?

**अपचको कारण हुनसक्ने रोग**

तपाईलाई अपचको समस्या छ भने तपाईलाई एलर्जी, अर्थराइटिस, ओटो इम्युन डिजिज, स्क्रिन इन्फेक्सन, डण्डीफोर, थकान र मुड डिसअर्डरजस्ता समस्या देखिन सक्छ ।

**यी कारणले पनि हुन सक्छ अपच**

- भोजनमा चिनीको मात्रा अत्यधिक हुँदा अपचको समस्या हुन सक्छ । पोषक तत्वको कमीको कारण शरीरमा हानिकारक ब्याक्टेरियाको स्तर बढ्छ, यसले अपचको समस्या हुन सक्छ ।

- एस्प्रिन र प्रिलोसेकजस्ता औषधि धेरै सेवन गर्नुले पनि पाचन प्रक्रियामा नराम्रो असर पार्छ . । यस्तोमा निश्चित मात्रामा मात्र यसको सेवन गर्नु राम्रो हुन्छ ।

- पारा र मोल्ड टोक्सिनको स्तर वृद्धि हुन्छ । यसले पाचन प्रक्रियामा गडबढी ल्याउन सक्छ ।

-तनावको कारण पनि तपाईको नर्भसको प्रक्रिया बिग्रिन सक्छ । यसबाट पाचन प्रक्रिया बिग्रिन सक्छ । साथै शरीरमा ब्याक्टेरियाको सन्तुलन पनि बिग्रिन सक्छ ।

- यसका साथै फूड पाइप वा शरीरमा गडबडी हुनाले पनि शरीरको खाना पचाउने कार्यमा पनि समस्या आउन सक्छ ।

**पाचन क्रियामा ब्याक्टेरियाको भूमिका**

पेटमा राम्रो ब्याक्टेरियाको पाँच सय प्रजाति हुन्छन्, यी ब्याक्टेरियाले भोजन पचाउन सहयोग गर्छ । साथै यी ब्याक्टेरिया हर्मोनलाई सन्तुलित राख्न, विकार बाहिर निकाल्न तथा भिटामिन वा अन्य आवश्यक तत्व निर्माण पनि हुन्छ । यदि यसमा पारासाइट्स वा यिस्टजस्ता हानिकारक ब्याक्टेरियाको स्तर बढ्यो अर्थात् ल्याक्टोबासिलस वा बिफिडोब्याक्टेरियाजस्ता राम्रो ब्याक्टेरियाको कमी भएको भने तपाइँको स्वास्थ्य अवस्था बिग्रिन सक्छ ।

**अपच हटाउने घरेलु उपाय**

खाना राम्रोसँग पचेन भने पेटमा ग्यास भरिने, जीउ भारी हुने, बेचैनी हुने, बान्ता, रिंगटा लाग्नेजस्ता समस्या देखिन सक्छ । त्यसैले यी समस्याबाट पार पाउन निम्न घरेलु उपचार प्रयोग गर्न सकिन्छ ।

**सौफ**

अपचको समस्या हुन्छ भने सौफ चपाउन शुरु गर्नुहोस् । साथै दिनमा दुईपटक सौफको पानी बनाएर पिउनुहोस् । यसबाट तपाईको समस्या टाढा हुनेछ ।

**दही**

दहीमा ज्वानो हालेर खानाले केवल अपचको समस्या टाढा हुने मात्र नभई पाचन प्रक्रियालाई पनि दुरुस्त बनाउँछन् । जसको कारण पेटको समस्याबाट बचाउँछ । साथै दहीमा जीरा, नुन र कालो मरिच हालेर दैनिक खानाले अपचको समस्या समाधान हुन्छ ।

**भुइँ कटहर**

भुइँ कटहरमा नुन र कालो मरिच हालेर खाँदा पनि अपचको समस्या टाढा हुन्छ ।

**प्याज**

प्याज काटेर त्यसमा कागतीको रस निचोरेर दैनिक खानाले अपचको समस्या समाधान हुन्छ ।

**ल्वाङ**

दुईओटा ल्वाङलाई पिस्नुहोस् । एक/दुई कप तातो पानी हाल्नुहोस् । पानी चिसो भएपछि पिउनुहोस् । एक दिनमा तीनपटक यसो गर्दा यसले पनि हामीलाई फाइदा पुऱ्याउँछ ।

# पीपीई लगाएरै शव जलाउँछन् यी युवा

विराटनगर (प्रस) । पीपीई लगाएका एक युवाले दाउराको हार मिलाउँदै खात लगाए । केही समयमा चिता तयार भयो । अरु दुई जनाले प्लास्टिकले छोपिएको शव एम्बुलेन्सबाट झिकेर चिता भएतर्फ अघि बढे । त्यसलाई जस्ताको तस्तै थपक्क दाउरामाथि राखिदिए । त्यसपछि हिन्दू परम्पराअनुसार शवमा दागबत्ती दिइयो । अनि दनदनी आगो दन्किन थाल्यो । पुत्ताएको धुँवा कुइरीमण्डल हुँदै आकासतर्फ उड्यो ।

शव पूर्णतः नजलुन्जेल युवाहरू कुरेर बसिरहे । तीन घण्टाजतिमा शव जलेर खरानी भइसकेको थियो । त्यसपछि घाटवरपर सेनिटाइज गर्ने औषधि छर्किए । आफूहरूले पनि त्यही प्रक्रिया दोहोऱ्याए । विराटनगरमा पहिलोपटक कोरोना संक्रमितको शव गाढिएन । बरु परम्पराअनुसार जलाइयो । एक संक्रमित महिलाको शव जलाउँदा घाटमा यस्तै दृश्य देखिएको थियो ।

परिवारको चाहना कोरोनाबाट मृत्यु भएकी आफन्तको शव खाल्डो खनेर गाढ्ने थिएन । बरु हिन्दु परम्पराअनुसार घाटमै लगेर जलाउन पाइयोस् भन्ने थियो । नेपाली सेनाले सरकारको निर्देशनअनुसार शव खाल्डो खानेर गाढ्ने गरेको छ । तर, विराटनगरमा भने संक्रमित महिलाको शव व्यवस्थापन जलाएर गरियो । त्यो पनि युवाहरूको पहल र सक्रियतामा ।

स्वःस्फूर्त रुपमा विराटनगर बरगाछीका २५ वर्षीय राम नेपाल, २२ वर्षीय सुयोग चापागाईं र वर्ष २३ का रविन कार्की संक्रमितको शव व्यवस्थापनमा आफैं खटिए । "सरकारको नीतिअनुसार नेपाली सेनाले खाल्डो खनेर शवको व्यवस्थापन गर्दै आएको छ । तर, विराटनगरमा भने जलाउन चाहने संक्रमितको परिवारको इच्छाअनुसार हामीले शव व्यवस्थापन गरिदिएका हौं" कार्कीले भने, "स्वयंसेवकका रुपमा हामीले यसअघि संक्रमितको घरमा औषधि छर्दै सेनिटाइज्ड गर्ने काम पनि गर्दै आएका थियौं ।" शव व्यवस्थापन गर्न समाजका अगुवा, स्थानीय प्रशासन र स्थानीय तहले समेत सकारात्मक सहयोग गरेको उनले सुनाए । युवाहरू आफैंले अस्पताल पुगेर कोरोनाबाट मृत्यु भएका व्यक्तिको शव उठाउँछन् । अनि घाटसम्म लैजान्छन् । जलाउने चाँजोपाँजो पनि आफैं मिलाउँछन् । पूर्णत स्वास्थ्य सुरक्षा र सावधानी अपनाएर शव जलाइन्छ । जलिसकेपछि घाटलाई पनि सेनिटाइज्ड गरिदिन्छन् । शव व्यवस्थापन गर्दा चाहना गरे संक्रमण भएको रहेनछ भने परिवारका सदस्यलाई पनि उपस्थित गराइन्छ । अदालतले नै शव परम्पराअनुसार जलाउनसमेत पाइने आदेश दिएपछि विराटनगरका युवा स्वयंसेवकहरुले सहयोग स्वरुप पहिलोपटक शव जलाएका हुन् ।

स्वयंसेवामा खटिएकामध्ये रविन प्रदेश १ की सांसद बिन्दिया कार्कीका छोरा हुन् । बाँकी युवा सामाजिक अभियन्ता हुन् । यसअघि उनीहरू संक्रमितको घर सेनिटाइज्ड गर्ने काममा सक्रिय थिए । सांसद कार्कीले भनिन्, "छोराले आफ्ना साथीहरूसँग मिलेर यस्तो काम गर्न लागेको भनेर सुनाए । मैले रोक्न सकिनँ । अहिले कोरोना संक्रमण हुँदा संक्रमितलाई समाजले छिछि र दूरदूर गर्ने अवस्थामा छोरा अनि उनका साथीहरूले गरेको कामले सकारात्मक सन्देश छरोस् भनेर मैले पनि हौसला दिएँ ।" रविनले आमा र परिवारसँग छलफल गरेरै आफूले संक्रमितका परिवारले चाहेअनुसार सद्गत गर्न सकियोस् भनेर काम थालेको सुनाए ।

सबै युवा क्वारेन्टिनमा बस्छन् । कोरोना परीक्षण पनि गराएका छन् । बरगाछीका अगुवा दीपक चापागाईंका अनुसार विराटनगरमै पनि शव जलाउन चाहने परिवारलाई सहयोग पुगोस् भनेर आफूले पनि उनीरुलाई प्रोत्साहन गरेको बताए । उनले भने, "उनीहरू एक महिना अघिदेखि कोरोना संक्रमितहरूको घरमा सेनिटाइज्ड गर्ने काममा पनि खटिएका थिए । विपन्नलाई खाद्यान्न पनि बाँड्दै थिए । संक्रमितको शव चानचुने आँटले गर्न सक्ने काम होइन । तर, उनीहरूले हिम्मत देखाएका छन् ।"युवा अभियन्ता राम नेपाल र सुयोगले कोरोनाबाट संक्रमित हुनुभन्दा पनि मृत्युपछि परिवारले चाहेअनुसार सद्गत गर्न नपाउनु झन् पीडादायी हुने देखेरै आफूहले सहयोग गर्ने योजना बनाएको बताए । उनले भने, "घर सेनिटाइज्ड त गरेकै थियौं तर सावधानी अपनाएर शवको व्यवस्थापन गरिदिउँ भन्ने सरसल्लाह गर्दा यो काम पनि थालनी भयो ।" उनले कोरोनाले समाजमा सामाजिक भाव र सहयोगी मन मर्नु हुँदैन भन्ने सन्देश दिन पनि जोखिम उठाएर सक्रिय भएको सुनाए । विराटनगरमा मात्र कोरोनाबाट १५ जनाको मृत्यु भइसकेको छ ।


प्रतिदिन वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य
छपाई सम्बन्धी सम्पूर्ण
काम गर्नु परेमा सम्पर्कमा
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड भृकुटीचोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७९८१०२९

अब मेसिनबाट
घरको झ्याल
तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पश्चेटी रेष्टुरेन्टसँगै
९८६२७८११४, ९८१०१८१६१६

हरि ओम
(UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, रेलिङ, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस् ।
बिर्तामोड-१, झापा
०२३-[illegible]

तपाईंकोमा
प्रतिदिन
आएन ?
नआएमा
सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१८०८८९५१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोविन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रियटिभ आई: ०२१-५२५६१[illegible]

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४


राशिफल

**मेष** : शरीरमा जागर र स्फूर्ति बढ्नेछ, काम गर्ने उर्जा बढेर आउने छ ।
**वृष** : आजको दिनमा सजिलै अरुको विश्वास जित्न सकिनेछ
**मिथुन** : आम्दानी र खर्चको तालमेल नमिल्दा असहज पारिस्थितिको सामना गर्नु पला
**कर्कट** : निरन्तर गरिरहेको काममा रुची घट्ने देखिन्छ ।
**सिंह** : यात्रामा ननिस्कनु राम्रो होला, चोटपटक र दुर्घटनाको भय देखिन्छ ।
**कन्या** : आम्दानीका नयाँ स्रोतहरु भेटिनेछन् भने मनग्य आम्दानी हुनेछ ।
**तुला** : ठूला र प्रतिष्ठित व्यक्तिसँगको सम्बन्ध बिस्तार हुनेछ ।
**वृश्चिक** : सामाजिक मान प्रतिष्ठा मिल्नेछ, विरोधीलाई परास्त गर्न सकिनेछ ।
**धनु** : नोकरीमा पदोन्नती वा विशिष्ट सम्मान पाइने योग छ ।
**मकर** : आजको दिन शुभ कार्यमा सरिक भएर बित्नेछ ।
**कुम्भ** : धर्म कर्ममा र सेवामुलक काममा रुची बढ्नेछ ।
**मीन** : विश्वास गरिएका व्यक्तिबाट नै झुटा आरोपहरु आइलाग्न सक्छ ।

प्रतिदिन दैनिकमा विज्ञापन दिन तथा ग्राहक बन्नका लागि हाम्रो ठेगाना – प्रधान कार्यालय : ०२३-५४३८२० । शाखाहरु : इटहरी/विराटनगर : ९८४२१२१९८५६, उर्लाबारी : रुपेन्द्र शेर्मा ९८४२०९२४०६, दमक :विष्णु सुब्बा ९८५२६७०१३७, चारआली : ९८४२७०३०१३, धुलाबारी : गोबिन्द घिमिरे, ९८१५९५०१५०, भद्रपुर : लोकबहादुर कुँवर ९८४२६८३९९६, अर्जुनधारा : भीम बराल ९८४४६२५३३५